# अनौपचारीक क्षेत्रको यातायात मजदुरहरुको अधिकार पत्र :–

विश्वको धेरै जसो स्थान हरु मा–यातायात –विशेष गरेर शहर तिर को यातायात धेरै जसो अनौपचारीक क्षेत्रमा पर्दछ । अनौपचारीक क्षेत्रका यातायात उद्योगले लाखौहरु लाई न्युन जिवनयापनको अवसर प्रदान गरेतापनि , हामीलाई हाम्रो आधारभुत अधिकार तथा सम्मान बाट बंचित गर्दछ । हामीले समाज र अर्थ क्षेत्रलाई आवश्यक सेवा प्रदान गरेतापनि हामी कानुन र निती बनाउने साथै शहरका योजनाविदहरु सामु हराएका छौ । त्यसै कारण तपशील अनुसारका मागहरु हामीले राखेका छौ :–

## मौलिक अधिकारहरु का लागि सम्मान :–

१) श्रमीकहरुको मौलिक अधिकार हरुको सम्मान – अनौपचारीक श्रमिकहरु पनि श्रमिक नै हुन ! आई. एल . ओ. प्रस्ताव २०४ : अनौपचारीक देखी औपचारीक अर्थतन्त्र मा परिवर्तन सन्दर्भमा ।

२) श्रम तथा रोजगार कानुन को संशोधन , औद्योगिक सम्बन्धको निरपेक्षता , कानुन मा सबै को बराबर अधिकार रहनु पर्दछ ।

## श्रमीक संगठनहरु , सामुहीक सौदेबाजी र सुझावहरु

३) आफ्नो इच्छाअनुसारको श्रमीक संगठनमा आबद्ध हुन पाउने अधिकार , बराबरको प्रजातान्त्रीक अधिकार र औपचारीक क्षेत्रका श्रमीकहरु लाई झै फाईदा हरु ।

४) यातायात श्रमीकहरु बारे राष्ट्रिय तथा स्थानीय सरकारका साथै सम्बन्धीत कार्यालय हरु संग सामुहीक सौदेबाजी तथा सल्लाह सुझावका लागि अधिकार ।

५) सरोकार वाला निकायहरु मा आफु आबद्ध श्रमीक संगठनहरु र प्रजातान्त्रीक संस्था हरु को माध्यम बाट अनौपचारीक श्रमीक हरुले आफै प्रतिनिधित्व गर्ने अधिकार ।

६) यातायातका साधनहरु तथा संचालन पद्धतीहरु लाई सुधार गर्दै परिवर्तन गर्न अनौपचारीक श्रमीकहरु को आर्थिक सहयोगमा पहुच पुरयाउन ।

७) बि.आर.टि पद्धती भित्रयाउन , भिड रोक्ने मापदण्ड , रि – रुटिंग , यातायात साधनको आधुनिकिकरण का लागि सामुहीक सम्झौता र सल्लाह सुझाव का अधिकारहरु ताकी :

क) रोजगार लाई नोक्सान नपुरयाई अनौपचारीक रोजगारहरु लाई औपचारीक गर्ने ।

ख) बि.आर.टी. पद्धतीका यातायातका साधनहरु राज्य वा सहकारी माध्यमबाट संचालीत हुने ।

ग) बि.आर.टि पद्धतीको योजना र प्रकृया प्रजातान्त्रीक रुपमा निरीक्षण ।

घ) बि.आर.टि पद्धती बाट विस्थापन हुने यातायातको साधनहरुको अनिवार्य रुपमा क्षतिपुर्ति ।

ङ.) निम्न आय भएका यात्रुहरुका लागि पनि यातायात साधनको व्यवस्था ।

## सबै श्रमीकहरु लाई यातायात अर्थतन्त्रमा पहिचान :

८) यातायात क्षेत्र तथा यातायात उद्योग संग आफनो जिविका निर्भर भएका लाखौ अनौपचारीक श्रमीकहरुको ठुलो समुहमा पहिचान ।

## महिलाका अधिकारहरु:

९) अनौपचारीक क्षेत्रका महिला श्रमिकहरुको रोजगार तथा अधिकार हरुको पहिचान :

क) महिला माथीको यौनजन्य हिसां तथा हिंसा को अन्त्य ।

ख) रोजगारीमा भेदभावको अन्त्यका साथै उनीहरु को क्षमता अभिवृद्धी का लागि प्रशिक्षण, दक्षता विकासको तालीम तथा धेरै आम्दानी हुने गरि यातायात क्षेत्रमा बराबर को अवसर ।

ग) महिला श्रमीकहरु लाई कार्य स्थलमा आवश्यक आराम , सर–सफाई , व्यत्तिगत सुरक्षा का सुविधा हरु ।

घ) गुणस्तरीय शिशु स्याहार केन्द्र लगायत सेवा उपलव्ध गराउनु ।

ङ.) पुरुष बराबरको ज्याला पारीश्रमीक उपलव्ध गराउनु ।

च ) निशुल्क र सुविधायुत्त परिवार नियोजन तथा मातृत्व लगायतको सेवा उपलव्ध हुनु ।

## अनौपचारीक यातायात क्षेत्रमा व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा :

१०) सुरक्षीत र स्वस्थ्य काम गर्ने वातावरणको अधिकार :

क) काम गर्ने समयावधी तोक्ने ।

ख) यातायातको साधनको मरम्मत तथा सुरक्षीत संचालनका लागि दुर्घटना , चोरी र विपत जस्ता समस्याका लागि चालकहरुको बिमा को व्यवस्था कानुनमै गरेर मालिक लाई जिम्मेवार बनाउनु पर्ने ।

ग) यातायात क्षेत्रको कार्यथलो मा आवश्यक पार्किगं , आराम गृह , सरसफाई गृह , बत्ति , रेस्टुरेण्ट लगायत को व्यवस्था हुनु पर्दछ ।

घ) आवश्यक सुरक्षीत लुगा तथा तोकिएको पोशाकको व्यवस्था हुनु पर्ने ।

ङ.) मालिक , चालक , यात्रु तथा वातावरण लाई हानी गर्ने धुवां हरु घटाउनु पर्ने ।

च) सडकहरुको मरम्मत तथा आधुनिकीकरण गर्दै सुरक्षाका लागि पुर्वाधारहरु खडा गर्नु पर्ने ।

## सामाजीक सुरक्षामा पहुच :

११) सामाजिक सुरक्षा , स्वास्थ्य केन्द्र , मातृत्व सुरक्षा , मर्यादित कार्य अवस्था र न्युनतम पारिश्रमीक को अधिकार ।

१२) अनौपचारीक श्रमीकहरुको लागि सामाजिक बिमाको क्षेत्र बढाउदै प्रशासनीक कार्यविधी , फाइदा र योगदानहरु उनीहरुको आयश्रोत अनुसार परिवर्तन गर्नु ।

## हिंसा , शोषण र भ्रष्टाचारहरु को अन्त्य :

१३) प्रहरी , सेना लगायत को सरकारी कर्मचारी हरु बाट नियम कानुन बिना हुने दमन , शोषण र हिंसाको अन्त्य का साथै संगठीत अपराध हरु बाट सुरक्षा ।

१४) गाडी मालिकहरुले आफनो स्वार्थका लागि चालक श्रमीकहरु को शोषण गर्ने गरेका छन , जस्तै गाडी ठेक्का मा दिईएका चालकहरु बाट बढी रकम लिने जसका कारण चालक हरुले खतराजन्य अवस्थामा बढी काम गर्नु पर्ने हुन्छ । यो समस्याको कानुनी रुपबाट नै अन्त्य गर्नु पर्छ ।

१५) ईन्धनको मुल्य वृद्धी हुदा भाडा दर मा पनि वृद्धी हुनु पर्दछ ।

१६) यातायात क्षेत्रको कार्य स्थलमा अशत्त महिला , बालबच्चा र अन्य जनताहरु माथी हुन सक्ने शोषणको सुरक्षा व्यवस्था ।

## अन्तर्राष्ट्रिय पहिचान :

१७) आई. टि. एफ.को अन्तर्राष्ट्रिय , क्षेत्रिय , उप–क्षेत्रिय र अन्तर सरकारी संस्थाहरुमा पहिचान । अनौपचारीक श्रमिकहरु को आई.टि.एफ. अन्तर्राष्ट्रिय रुपमा प्रतिनिधि भएकाले यातायात पुर्वाधारको विकास र व्यवस्थापनका साथै सामुहीक सौदेबाजी र सुझाव प्रकृयाको जिम्मेवारी ।

---

# आई.टि.एफ अनौपचारीक परियोजना मुल्यांकन गोष्ठीबाट लिईएको २८ जुलाई २०१६ , कम्पाला , युगाण्डा

| | | |
|---|---|---|
| Amalgamated Transport & General Workers Union | ATGWU | Uganda |
| Communication & Transport Workers' Union of Tanzania | COTWU | Tanzania |
| E-Rickshaw Drivers' Union | EDU | Nepal |
| FédérationSyndicale des Travailleurs des Transports du Togo | FESYTRAT | Togo |

| | | |
|---|---|---|
| Independent Democracy of Informal Economy Association | IDEA | Cambodia |
| Independent Transport Workers Association of Nepal | ITWAN | Nepal |
| Kampala Metropolitan Boda-Boda Association | KAMBA | Uganda |
| Kampala Operational Taxi Stage Association | KOTSA | Uganda |
| Kenya Long Distance Truck Drivers & Allied Workers Union | TAWU | Kenya |
| Matatu Workers' Union | MWU | Kenya |
| National Confederation of Transportworkers Unions | NCTU | Philippines |
| Nepal YatayatMazdoorSangh | NETWON | Nepal |
| Public Transport Operators Union | PUTON | Kenya |
| Sindicato Nacional de Rama y Servicios del Transporte de Colombia | SNTT | Colombia |
| Syndicat National des TravailleursAutonomes de l'économieInformelle du Niger | SYNATRA | Niger |
| Union des Routiers du Sénégal | URS | Sénégal |

# समाप्त